आ.व. २०७५/०७६ को २५ औं बैठक

आज मिति २०७६ साल जेष्ठ २३ गते बिहीबार साँझ ५:३० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

~~सदस्य~~ सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

आमन्त्रित

१. श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।

२. श्री रेशमराज अधिकारी स.ले.पा. ।

निर्णयहरु :

**निर्णय नं. १** राष्ट्रपति रनिङ शिल्डको लागि ससर्तको रु. १ लाख नपुग भएकोले अन्य खेलकुद विविध भैपरीबाट रु. १ लाख थप गर्ने ।

**निर्णय नं. २** राप्ती गाउँपालिका, वार्ड नं. १, भालुवाङ, आपँखोली सडक कालोपत्रे गर्ने योजनामा प्रदेश समपुरक कोषबाट ठेक्का मार्फत लगाउने गरी रु. २५ लाख माग गर्दा ठेक्काबाट संचालन हुने गरी माग भएको र समय अभावको कारण उपभोक्ताको माध्यमबाट संचालन गरेकोले १५% लागत सहभागिताबाट व्यहोर्ने गरी निकासा गरी दिन अनुरोध गर्ने ।

**निर्णय नं. ३** यस राप्ती गाउँपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई मासिक रु. ६००/- का दरले खाजा खर्च उपलब्ध गराउनका लागि देहाय बमोजिमको शिर्षकबाट रकम उपलब्ध गराउने ।

१. डेलिभरीका लागि एकतर्फि नि:शुल्क एम्बुलेन्स सेवा सोधभर्ना – रु. १,८५,०००/-

२. आमा समुहलाई स्वास्थ्य तथा सरसफाइ सम्बन्धी अभिमुखिकरण – रु. ७४,६००/-

३. सिसहनिया स्वास्थ्य चौकीको थप करार अ.हे.व., अ.न.मि. तलब – रु. ५२,०००/-

४. नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद – रु. १,२४,२००/-

५. मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम – रु. २५,०००/-

**निर्णय नं.४** जिल्ला समन्वय समितिले आगामी आर्थिक वर्ष २०७६/०७७ मा राप्ती गाउँपालिकाको वडा तथा गाउँपालिका भवन निर्माणका लागि उपलब्ध गराउने ६० प्रतिशतले हुने रकम रु. ३ करोडमा यस गाउँपालिकाबाट थप ४० प्रतिशत रकम थप गर्नु पर्ने भएकोले उक्त कार्यका लागि रु. २ करोडको व्यवस्था गर्न गाउँ सभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

**निर्णय नं.५** राप्ती गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राप्ती चक्रपथ ट्याक खोल्ने कार्यका लागि रु पचास लाख मात्र बजेट विनियोजन गरिएको र उक्त कार्यका लागि टेण्डर गरी कार्य सम्पन्न गर्न समय अपुग हुने तथा कतै ट्याक ओपन नभई यातायातका साधन आवत जावतमा समस्या भएको हुदा प्रा.वि. सिङगे देखि पूर्व तर्फका खण्डहरु रु ५/५ लाखका दरले सम्पन्न हुन सक्ने सम्मका खण्डहरु निर्माण गर्दै जाने र उक्त कार्य उपभोक्ता समितिवाट निर्माण गर्दा समेत सम्पन्न गर्न कम सम्भावना भएकोले निर्माण व्यवसायी बाट कोटेसन दररेट माग गरी सम्पन्न गर्ने निर्णय गरियो ।